नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राष्ट्रिय अनुसन्धान विभाग

(प्रथम पटक सूचना प्रकाशित मिति २०८०।०३।०२)

## लोक सेवा आयोगबाट सञ्चालन हुने

नेपाल विशेष सेवाको अनुसन्धान अधिकृत (राजपत्रांकित तृतीय श्रेणी) र
अनुसन्धान सहायक (राजपत्र अनंकित द्वितीय श्रेणी)

**पदको लागि दरखास्त आव्हान गरिएको सूचना**

यस विभाग एवं अन्तर्गतका कार्यालयहरुमा रिक्त रहेको अनुसन्धान अधिकृत (राजपत्रांकित तृतीय श्रेणी) र अनुसन्धान सहायक (राजपत्र अनंकित द्वितीय श्रेणी) पदमा समावेशी सिद्धान्त अनुरुप खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्तिको लागि मिति २०८०।०३।०१ गते बसेको अनुसन्धान अधिकृत र अनुसन्धान सहायक पदको छनौट समितिको बैठकबाट देहाय बमोजिम रिक्त पदहरुमा विज्ञापनको लागि सूचना प्रकाशन गर्ने निर्णय भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएकोछ ।

**(१) पद :- अनुसन्धान अधिकृत र अनुसन्धान सहायक**

| क्र.सं. | विज्ञापन नम्बर | पद तथा श्रेणी | सेवा | माग पद संख्या | खुल्ला | समावेशी | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आदिवासी/ जनजाति | मधेशी | महिला | दलित | पिछडिएको क्षेत्र |
| १ | ०१/०७९/८० | अनुसन्धान अधिकृत (राजपत्रांकित तृतीय श्रेणी) | विशेष | ३० | १७ | ४ | ३ | ३ | २ | १ |
| २ | ०२/०७९/८० | अनुसन्धान सहायक (राजपत्र अनंकित द्वितीयश्रेणी) | विशेष | ४१ | २३ | ५ | ५ | ४ | ३ | १ |

**(२) शैक्षिक योग्यता :-**

**(क) अनुसन्धान अधिकृत पदको लागिः-** स्वीकृत विश्वविद्यालयबाट कम्तिमा स्नातक वा सो सरहको उपाधि प्राप्त गरेको ।ग्रेडिङ पद्धतिबाट शैक्षिक योग्यता हासिल गरेको हकमा GPA2वा सो भन्दा माथिको ग्रेड प्वाइन्ट प्राप्त गरेको हुनुपर्नेछ । विदेशी शैक्षिक संस्थाबाट सो सरहको शैक्षिक योग्यता प्राप्त गरेको भए त्रि.वि.वि. बाट समकक्ष निर्धारण गरिएको प्रमाणपत्र पनि पेश गर्नुपर्नेछ ।

**(ख) अनुसन्धान सहायक पदको लागिः-** स्वीकृत विश्वविद्यालयबाट कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको उपाधि प्राप्त गरेको ।ग्रेडिङ पद्धतिबाट शैक्षिक योग्यता हासिल गरेको हकमाGPA2वा सो भन्दा माथिको ग्रेड प्वाइन्ट प्राप्त गरेको हुनुपर्नेछ । विदेशी शैक्षिक संस्थाबाट सो सरहको शैक्षिक योग्यता प्राप्त गरेको भए त्रि.वि.वि. बाट समकक्ष निर्धारण गरिएको प्रमाणपत्र पनि पेश गर्नुपर्नेछ ।

(३) **उमेर** :-

(क) **अनुसन्धान अधिकृत** :- छनोट हुने सालको बैशाख १ गते पुरुषको हकमा २१ वर्ष पूरा भएकोर २५ वर्ष ननाघेको (मिति २०५५।०१।०१ देखि २०५९।०१।०१ सम्म जन्ममिति भएका) तथा महिलाको हकमा २१ वर्ष पूरा भएको र ३० वर्ष ननाघेको(मिति २०५०।०१।०१ देखि २०५९।०१।०१ सम्म जन्ममिति भएका) । राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीहरुको हकमा ३५ वर्ष ननाघेको ।

(ख) **अनुसन्धान सहायक पदको लागिः**- छनोट हुने सालको बैशाख १ गते पुरुषको हकमा १८ वर्ष पूरा भएकोर २५ वर्ष ननाघेको (मिति २०५५।०१।०१ देखि २०६२।०१।०१ सम्म जन्ममिति भएका)तथा महिलाको हकमा १८ वर्ष पूरा भएको र ३० वर्ष ननाघेको ( मिति २०५०।०१।०१ देखि २०६२।०१।०१ सम्म जन्ममिति भएका) । राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीहरुको हकमा ३५ वर्ष ननाघेको ।

(४) **परीक्षाको किसिम :-**

**क) अनुसन्धान अधिकृत**

- Generalknowledge & General Ability Test
- लिखित परीक्षा
- विस्तृत स्वास्थ्य परिक्षण
- Psychological Test
- Group Test (Group Discussion)
- Presentation
- अन्तर्वार्ता

**ख) अनुसन्धान सहायक**

- General Ability & Aptitute Test
- लिखित परीक्षा
- विस्तृत स्वास्थ्य परिक्षण
- अन्तर्वार्ता

(५) **दरखास्त फाराम भर्ने तरिकाः-**राष्ट्रिय अनुसन्धान विभागको वेभसाइट www.nidept.gov.npमा loginगरी व्यक्तिगत विवरणका साथै आवश्यक कागजातहरु सहित अनलाइन प्रणालीबाट दरखास्त फाराम भर्नुपर्ने छ । दरखास्त फाराममा भरिएका विवरणहरु विभागले प्रमाणित गरेपश्चात रोल नम्बर कायम गरिनेछ । तत्पश्चात अनलाइन प्रणालीबाट आफ्नो IDरPassword Loginगरी प्रवेशपत्र Printगर्न सकिनेछ ।

(६) **अनलाइन दरखास्त भर्दा अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरु** :-
**(प्रत्येक फाइलबढीमा**300 KB**को हुनुपर्नेछ)**

(क)हालसालै खिचेको पासपोर्ट साइजको फोटो ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको स्क्यान कपी वा फोटो ।

(ग) उम्मेदवारको दस्तखतको स्क्यान कपी वा फोटो ।

(घ) पद अनुसार तोकिएको शैक्षिक योग्यता वा सो सरहउत्तिर्ण गरेको मार्कसिट र चारित्रिक प्रमाणपत्रको PDFफाइल/स्क्यान कपी वा फोटो ।

ङ) समावेशी समूह अन्तरगत आदिवासी/जनजाति, मधेसी, दलित र पिछडिएको क्षेत्र (३ महिना अवधि भएको ) तर्फ दरखास्त दिने उम्मेदवारहरुले अनिवार्य रुपमा आधिकारिक निकायबाट प्रमाणित प्रमाणपत्रको PDF फाइल/स्क्यान कपी वा फोटो ।

(७) **पाठ्यक्रम पाइने वेभसाइट** :-परीक्षाको पाठ्यक्रम राष्ट्रिय अनुसन्धान विभागको वेभसाइट www.nidept.gov.np/careerबाट download गरी प्राप्त गर्न सकिनेछ ।

(८) **दरखास्त दस्तुर (राजश्व)** :-

**(क) अनुसन्धान अधिकृत पदको लागिः**-रु १०००।-(एक हजार रुपैयाँ) र एक भन्दा बढी प्रत्येक समूहका लागि रु. २००।- का दरले थप दस्तुर बुझाउनु पर्नेछ । परीक्षा दस्तुरOnline बाट e-Sewaर Connect IPS तथा Offline बाट भौचर Generate गरी राष्ट्रिय बाणिज्य बैंकका जुनसुकै शाखाबाट बुझाउन सकिनेछ ।(समावेशी समूहतर्फ मात्र आवेदन दिने उम्मेदवारले पनि कम्तिमा रु.१०००।-(एक हजार रुपैयाँ) राजश्व बुझाउनुपर्नेछ )

**(ख) अनुसन्धान सहायक पदको लागिः**-रु. ३००।-(तीन सय रुपैयाँ) र एक भन्दा बढी प्रत्येक समूहका लागि रु. ६०।- (साठी रुपैयाँ) का दरले थप दस्तुर बुझाउनु पर्नेछ । परीक्षा दस्तुरOnline बाट e-Sewa र Connect IPS तथा Offline बाट भौचर Generate गरी राष्ट्रिय बाणिज्य बैंकका जुनसुकै शाखाबाट बुझाउन सकिनेछ ।(समावेशी समूहतर्फ मात्र आवेदन दिने उम्मेदवारले पनि कम्तिमा रु.३००।-(तीन सय रुपैयाँ) राजश्व बुझाउनुपर्नेछ )

(९) **दरखास्त दर्ता गरिने अवधि** :- गोरखापत्रमा पहिलोपटक सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र (मिति २०८०।०३।३१ गतेसम्म)। दरखास्त दर्ता गर्ने अन्तिम मितिबाट ७ दिनभित्र (मिति २०८०।०४।०७ गतेसम्म) दोब्बर दस्तुर तिरी दरखास्त दर्ता गर्न सकिनेछ ।

(१०) **परीक्षाको लागि सम्पर्क मिति :-** दोब्बर दस्तुर तिर्ने म्याद सकिएपछी विभागको वेभसाइटमा सूचना प्रकाशित गरी जानकारी गराइनेछ ।

(११) **परीक्षा केन्द्र :-** अनुसन्धान अधिकृत पदका आवेदकहरुले लोक सेवा आयोगको काठमाण्डौ परीक्षा केन्द्र र अनुसन्धान सहायक पदका आवेदकहरुले आफुलाई पायक पर्ने लोक सेवा आयोगका कार्यालयहरु (धनकुटा, जलेश्वर, हेटौडा, काठमाण्डौ, पोखरा, बुटवल, वीरेन्द्रनगर र धनगढी) मा परीक्षा केन्द्र राख्न सक्नेछन् । आयोगबाट तोकिएको स्थानमा परीक्षा केन्द्रहरु कायम गरी लिखित परीक्षा सञ्चालन हुनेछ ।

**(१२) अन्य विवरण :-**

(क) रित नपुऱ्याई दरखास्त भरेको उम्मेदवार परीक्षामासहभागी हुन पाउने छैन ।

(ख) उम्मेदवारहरुले प्रत्येक चरणको परीक्षामा उपस्थित हुँदा प्रवेशपत्र र नागरिकताको सक्कलै प्रति साथमा लिई उपस्थित हुनुपर्नेछ ।

(ग) हरेक चरणको परीक्षा समाप्ति पछी नतिजा प्रकाशन गरिनेछ र उत्तिर्ण उम्मेदवारहरुलाई मात्र अर्को परीक्षामा सम्मिलित गराइनेछ ।

(घ) लिखित परीक्षामा सफल उम्मेदवारहरुलाई सशस्त्र प्रहरी बल, नेपालको अस्पतालबाट उक्त अस्पतालको मापदण्ड बमोजिम विस्तृत स्वास्थ्य परिक्षण गराईनेछ ।

(ङ) स्वास्थ्य परीक्षणमा सफल उम्मेदवारहरुलाई मात्र अन्य चरणको परीक्षामा सम्मिलित गराईनेछ ।

(च) अन्तिम चरणको अन्तरवार्ता परीक्षामा सहभागी हुन आउँदा उम्मेदवारहरुले सक्कल नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात र सोका प्रमाणित प्रतिलिपिहरु साथमा लिई उपस्थित हुनुपर्नेछ ।

(छ) कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजायँपाएको र कुनै अवैध संस्था वा संगठनको सदस्य रहेको व्यक्ति परीक्षामा संलग्न हुन पाउनेछैन ।

(ज) अनुसन्धान अधिकृत र अनुसन्धान सहायक पदमा नियुक्तिको लागि खुल्ला प्रतियोगितात्मक परीक्षामा योग्यता पुगेका कुनैपनि सरकारी कर्मचारी उम्मेदवार हुन सक्नेछन् । सो को लागि आफु कार्यरत कार्यालयको स्वीकृति सहितको कागजात अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

(झ) सवै चरणमा उत्तिर्ण उम्मेदवारहरुलाईलोकसेवा आयोगसँग परामर्श लिई राष्ट्रिय अनुसन्धान विभागको सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्त, २०६६ र नेपाल विशेष सेवा नियमावली, २०४४ (संशोधन सहित) को आधारमा पदपूर्तिको लागि छनोट समितिबाट सिफारिस गरिनेछ ।